


राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

**लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार**

❖ लागूऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ ।
लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्रिवितरण तथा सेवन कानूनत: दण्डनीय छ ।
❖ गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरुलाई पनि लाग्न नदिऔं ।

**स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१४ ।। अङ्क : २५५ ॥ २०७९ कार्तिक २० गते आइतबार (6th Nov 2022 Sunday) **Pratidin** National Daily dNo-?÷%÷-

# टिकटका लागि रातारात यसरी राना हाम्फाले




झापा(प्रस) । मंसिर ४ को निर्वाचनका लागि सत्तारुढ गठबन्धनभित्र झापा क्षेत्र नं २ नेपाली कांग्रेसले पाउने चर्चा अगाडिदेखि नै चलेको थियो । तर, कांग्रेसको दावी उल्ट्याउँदै माओवादीले आफ्नो भागवन्डामा पार्यो । पूर्व सांसद तथा माओवादीकी पोलिटव्युरो सदस्य धर्मशीला चापागाई आफ्नो लागि झापा २ माओवादीको भागमा पार्न सफल भएपनि उनले टिकट नेकपा एमालेका प्रदेश कमिटी सदस्य हरि रानालाई जिम्मा लगाइन् । अर्जुनधारा नगरपालिकाका पूर्व जनप्रतिनिधिसमेत रहेका एमालेका नेता रानाले टिकटकै लागि रातारात पार्टी छोडे । रानाले रातारात पार्टी छोडेको घटना अप्रत्यासित र उदेकलाग्दो रहेको कांग्रेसका एक नेताले बताए । रातारात एमाले पार्टी छोडेर एक्लै आएका रानालाई टिकटको लागि माओवादीमा ल्याइनुमा पाँचजनाको मुख्य हात रहेको ती कांग्रेसका नेताले जानकारी दिए । उनका अनुसार माओवादीका इन्द्र आङबो मौसम ,धर्मशीला चापागाई , झलकसिंह दर्लामी मगर सन्देश ,कांग्रेसका उद्धव थापा र सुधिर कुमार शिवाकोटीको पहलमा राना एमाले छोडेर माओवादीमा आएका हुन् । टिकट पाएपनि चुनाव नजित्ने देखेपछि माओवादी नेतृ चापागाईले रानालाई टिकट सुम्पेकी हुन् । रानालाई उम्मेदवार बनाउनुअघि उनले राम कार्की पार्थलाई प्रस्ताव गरेकी थिइन् । तर, कार्कीले चुनाव जित्न गाह्रो पर्ने देखेर अस्वीकार गरेपछि चापागाईलगायतले रानालाई उम्मेदवार खडा गर्ने निर्णय गरेको ती नेताले खुलासा गरे । त्यसपछि चापागाईसहित राति २ बजे रानाको घरमा पुगेका थिए । रानाको घर पुग्नुअघि चापागाईले माओवादी हेडक्वाटरमा आफू नउठ्ने जानकारी गराइसकेकी थिइन् । उनीहरुले उम्मेदवार बन्न प्रस्ताव गरिरहँदा रानाले शुरुमै हिम्मत गरेनन् । ती नेताका अनुसार रानालाई विश्वस्त गराउन उनीहरुले माओवादी अध्यक्ष पुष्पकमल दाहाललाई फोन गर्न लगाए । दाहालले आफूबाट राजनीतिक प्रोटेक्सन हुने आश्वासन दिए । त्यतिले नपुगेपछि उनीहरुले कांग्रेसका कृष्णप्रसाद सिटौलालाई फोन गर्न लगाए । सिटौलाले पनि त्यसरी नै आश्वासन दिए । त्यही आश्वासन कांग्रेसका प्रदेश सभापति उद्धव थापा समेतबाट पाएपछि राना उम्मेदवार बन्न राजी भएको ती नेताको भनाई छ । उनका अनुसार सिटौलाले कांग्रेसले बेइमान नगर्ने र थापाले आफै जिताउन लाग्ने भरोसा रानालाई दिएका छन् ।

त्यही प्रतिवद्धता पूरा गर्न कांग्रेसका नेताहरु लागिपरेका छन् । झापा क्षेत्र नं २ का विभिन्न वडामा पुगेर अध्ययन गर्दा नजितिने देखेपछि चापागाईले छोडेको बताइएको छ । त्यसअघि टिकटका आकांक्षी कांग्रेसका केशवकुमार बुढाथोकीले झापा क्षेत्र नं २ मा आफ्नो लागि माहोल बनाइसकेका थिए । तर, अन्तिममा उनले टिकट पाएनन् ।

# जसपाले सार्वजनिक गर्‍यो प्रतिवद्धतापत्र



झापा(प्रस) । जनता समाजवादी पार्टी (जसपा) ले प्रतिवद्धतापत्र सार्वजनिक गरेको छ। जसपाले शनिबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै प्रतिवद्धतापत्र सार्वजनिक गरेको हो।

आसन्न प्रतिनिधिसभा र प्रदेशसभालाई लक्षित गर्दै जारी घोषणापत्रमा आर्थिक समृद्धिको विषय समेटिएको छ। प्रत्यक्ष तथा सहभागितामूलक समावेशी लोकतन्त्रको मान्यता अनुरूप संघमा बालिग मताधिकारमा आधारित जनताद्वारा निर्वाचित कार्यकारी राष्ट्रपति हुने व्यवस्था गर्ने उल्लेख छ। प्रदेशहरूमा मुख्यमन्त्री तथा विशेष संरचना र स्थानीय तहहरूमा त्यहाँको कार्यकारी प्रमुख पनि बालिग मताधिकारका आधारमा प्रत्यक्ष निर्वाचित हुने व्यवस्था गर्ने भनिएको छ। संघीय संसद् र प्रदेशसभाहरू पूर्ण समानुपातिक निर्वाचन प्रणालीबाट चयन गरिने उल्लेख छ।

# नेपालले हरायो बंगलादेशलाई



झापा(प्रस) । नेपालले यू-१५ वुमेन्स साफ च्याम्पियनसिपको शनिबार ढाकामा भएको खेलमा बंगलादेशलाई १-० ले हराएको छ । नेपालको जितमा वर्षा ओलीले निर्णायक गोल गरिन् । यो जितपछि नेपालको प्रतियोगिताको उपाधि जित्ने सम्भावना बढेको छ । प्रतियोगितामा नेपालको यो लगातार दोस्रो जित हो भने आयोजक बंगलादेशले पहिलो हार बेहोर्यो । खेल बराबरीतर्फ अग्रसर भइरहेको बेला वर्षाले ८७ औं मिनेटमा निर्णायक गोल गरिन् । यो जितले नेपालको दुई खेलबाट ६ अंक भएको छ र लिग तालिकाको शीर्ष स्थानमा उक्लेको छ ।
बंगलादेश भने दुई खेलबाट ३ अंकमै सीमित रह्यो । प्रतियोगितामा सहभागी तेस्रो टिम भुटान भने आफूले खेलेको दुवै खेलमा पराजित रहेर शून्य अंकमा छ ।
नेपालले आफ्नो पहिलो खेलमा भुटानलाई ७-० ले हराएको थियो । डबल राउन्ड रोबिनको आधारमा चलिरहेको प्रतियोगितामा नेपालले अब फेरि एक/एकपल्ट बंगलादेश र भुटानसँग खेल्नेछ ।

# मेचीनगरमा क्यान्सर विशेषज्ञहरुको सम्मेलन सुरु



मेचीनगर(प्रस) । झापाको मेचीनगरमा क्यान्सर रोग विशेषज्ञहरुको अन्तर्राष्ट्रिय सम्मेलन 'पूर्वाञ्चल क्यान्सर कंग्रेस २०२२' शनिवार सुरु भएको छ ।
विर्तामोडको पूर्वाञ्चल क्यान्सर अस्पताल र नेपाल क्यान्सर फाउन्डेसनले संयुक्त रुपमा आयोजना गरेको सो अन्तर्राष्ट्रिय सम्मेलनमा नेपाल, भारत र बंगलादेशका २०० जना विशेषज्ञ चिकित्सकहरुको सहभागिता रहेको छ ।
होटल मेची क्राउनको सभाहलमा विहान सुरु भएको सो सम्मेलन कात्तिक २० गतेसम्म सञ्चालन हुने पूर्वाञ्चल क्यान्सर अस्पतालका मेडिकल डाइरेक्टर एवम् सम्मेलनका कार्यक्रम निर्देशक डा. वीरेन्द्र यादवले जानकारी दिए ।
विश्वभरि भयावह रुपमा फैलिइरहेको क्यान्सर रोगको अवस्था, यसको निदानका लागि भइरहेका वैज्ञानिक खोज अनुसन्धान र उपचार

❖ **बाँकी अन्तिम पृष्ठमा**

# मत प्रभावित गरिएको भन्दै एमालेको आपत्ति

मेचीनगर(प्रस) । धुलाबारी माध्यमिक विद्यालय र त्यहाँका शिक्षकहरुको प्रयोग गरी चुनावी मत प्रभावित गर्ने उद्देश्यले भिडियो सामग्री फेसबुकमा प्रकाशित गरिएकोमा नेकपा एमालेले ध्यानाकर्षण भएको जनाएको छ ।
एमालेको झापा क्षेत्र नं. १ कमिटीले सो विषयमा आपत्ति जनाउँदै नेपाली कांग्रेसका प्रतिनिधिसभा उम्मेद्वार विश्वप्रकाश शर्माको पक्षमा मत प्रभावित गर्ने उद्देश्य राखेर स्वीकृति शर्माको अभिनयसहित भिडियो बनाएर सामाजिक सञ्जालमार्फत चुनावी सामग्रीजस्तै गरी प्रचारप्रसार भइरहेको दावी गरेको हो ।
स्वीकृति शर्मा कांग्रेस उम्मेद्वार शर्माकी छोरी हुन् । कार्तिक १८ गते प्रसारण गरिएको उक्त भिडियोमा उनले उम्मेद्वार शर्माको पक्षमा मत प्रभावित गर्ने प्रयास गरेकी हुँदा सो विषयमा निर्वाचन आयोगको ध्यानाकर्षण गराइने निर्णय भएको एमालेले जनाएको छ ।
उक्त भिडियोको सुटिङ विद्यालयमै गरिएको र शिक्षकहरुले आफ्नो फेसबुकबाट शेयर, लाइक र कमेन्ट गरिरहेको एमालेले जनाएको छ ।
एमालेले आफ्ना उम्मेद्वारहरुले निर्वाचन आचारसंहिताको पूर्ण पालना गरिरहेको दावी गरेको छ ।

# प्रदेश १ एमालेको २६ बुँदे प्रतिबद्धता

विराटनगर(प्रस) । आगामी संसदीय निर्वाचनलाई दृष्टिगत गर्दै नेकपा एमाले १ नम्बर प्रदेश कमिटीले आफ्नो प्रतिबद्धतापत्र सार्वजनिक गरेको छ।

शनिबार विराटनगरमा एमाले प्रदेश कमिटीले २८ पृष्ठको प्रतिबद्धतापत्र सार्वजनिक गरेको हो। प्रतिबद्धतापत्रमा प्रादेशिक विकासका मुख्य एजेण्डाहरू २६ बुँदामा समेटिएका छन्।

प्रदेशलाई आत्मनिर्भर बनाउने, संविधान प्रदत्त अधिकारहरूको प्रदेशअन्तर्गत ल्याउने, प्रदेशको नामकरण र प्रादेशिक संरचना निर्माण गर्ने, विराटनगरलाई आर्थिक राजनीतिमा रूपान्तरण गर्ने, पहाडी र हिमाली जिल्लामा विभिन्न अवसर सिर्जना गरी बसाइँसराई दर घटाउने, प्रदेशस्तरीय खुल्ला चिडियाघर सञ्चालन गर्ने, जलवायु परिवर्तन र अनुकुलका योजनाहरू सञ्चालन गर्ने, कृषिमा आधुनिकीकरण गर्ने तथा बृहत् विराट क्षेत्रसम्बन्धी ऐन सञ्चालनमा ल्याउनेलगायतका योजनाहरू प्रतिबद्धतापत्रमा अटाईएका छन्।

प्रतिबद्धतापत्रमा विराटनगर शासन प्रणालीमा सुधार, पहाडी व्यापारिक केन्द्र निर्माण र आर्थिक विकासका



योजनाहरूलाई प्राथमिकता प्रदान गरिएको छ।
प्रतिबद्धतापत्रमा आर्थिक अनुशासन र भ्रष्टाचारमा शून्य सहनशीलतालगायतका विषयलाई पनि प्राथमिकतामा राखिएको प्रतिबद्धतापत्र तयारी समितिका सचिव यज्ञराज शर्माले बताए।
आफ्नो ३ वर्षे कार्यकालमा गरेका कार्यहरूलाई प्रमुख उपलब्धीको रूपमा बिश्लेषण गरेको एमालेले पूरा हुन नसकेको केही योजनाहरूलाई समेत आगामी कार्यकालमा पूर्णता प्रदान गर्ने प्रतिबद्धता गरेको छ।
धार्मिक एवं सांस्कृतिक सर्किटको विकास, विद्युत् उत्पादन तथा पर्यटन प्रवर्द्धन, पहाडी जिल्लामा नियमित हवाई सेवा सञ्चालन, गरिबीको रेखामुनि रहेका नागरिकलाई परिचय-पत्र वितरण, डिजिटल साक्षरता, मानव संशाधन विकास बैंक स्थापना, विपन्न परिवारका छोरीको निरन्तर शिक्षाका निम्ति छोरी शिक्षा बिमा र बाढीग्रस्त क्षेत्रहरूमा तटबन्ध निर्माणका योजनाहरू समेत एमालेले अघि सारेको छ।

एमालेले मध्यपहाडी लोकमार्गका क्षेत्रमा अर्गानिक कृषि उत्पादन र हाइ अल्टिच्युड खेल सञ्चालनका निम्ति पूर्वाधार निर्माणको प्रतिबद्धता समेत गरेको छ।
एमाले प्रदेश कमिटीका सह-इन्चार्ज जीवन घिमिरेले प्रतिबद्धतामार्फत् एमालेले प्रदेशलाई विकास र समृद्धिको बाटोतर्फ डोर्‍याउन खोजेको बताए। पछिल्लो ५ वर्षको समीक्षा गर्दै उनले शुन्यबाट सुरु भएको प्रदेश सरकारले एउटा आकार ग्रहण गर्नु उपलब्धिमुलक भएको जिकिर गरे। एमालेको प्रतिबद्धतापत्रमा रोजगारी बैंकमार्फत बेरोजगार युवाहरूलाई रोजगारी प्रदान र वैदेशिक रोजगारीमा जान चाहने नागरिकका लागि 'मेरो पसिना, मेरो प्रदेश' कार्यक्रम सञ्चालन गर्ने विषय समेत उल्लेख गरिएको छ।

एमालेले सूचना प्रविधिमा आधारित आधुनिक सुरक्षा व्यवस्था र तथ्यांक केन्द्र अर्थात् डाटा बैंक स्थापनाको विषयलाई समेट समेटेको छ। कार्यक्रममा एमालेका स्थायी कमिटी सदस्य गुरु बराल, केन्द्रीय सदस्य रामलाल साह र प्रदेश कमिटी अध्यक्ष तुलसी न्यौपानेलगायतका नेताहरू सहभागी थिए।

**JUBILANT ELITE ACADEMY**
**ILAM-07 NABINCHOWK,ILAM**
FOR SECONDARY LEVEL
**TEACHER REQUIRED**
**SECONDARY LEVEL**
QUALIFIED CANDIDATE FOR A POST OF SECONDARY LEVEL TEACHER WITH B.SC, M.SC IS REQUIRED AT JUBILANT ELITE ACADEMY, ILAM .
ELIGIBLE CANDIDATES MAY SUBMIT THEIR APPLICATION ALONG WITH C.V. AND PHOTOCOPIES OF CERTIFICATES AT FRONT OFFICE OR TO jubilanteliteacademy2008@gmail.com.
Send Your Resume to: jubilanteliteacademy2008@gmail.com
For Queries Contact
Ilam: 9842722120 | Jhapa: 9842741101

# इरानद्वारा रुसलाई ड्रोन बेचेको स्वीकार

एजेन्सी ।इरानका विदेशमन्त्री हुसेन अमीराब्दुल्लाहियानले युक्रेनमा उनको देशका ड्रोनहरु प्रयोग भएकोबारे आफूहरू बेखबर रहेको बताएका छन् । मन्त्रीले इरानको औपचारिक धारणा युक्रेन द्वन्द्व रोकिनुपर्छ भन्ने रहेको बताए ।



तेहरानमा आयोजित एक बैठकपछि पत्रकारहरूसँग बोल्ने क्रममा अमीराब्दुल्लाहियानले उनको देशले रुसलाई ड्रोन आपूर्ति गरेको पहिलोपटक स्वीकारे । तथापि आफूहरुले युक्रेनमा युद्ध हुनु अघिनै रुसलाई ड्रोन बेचेको दावी उनले गरे । पछिल्लो समय युक्रेन आक्रमणका लागि इरानमा निर्मित ड्रोन प्रयोग भइरहेको आरोप छ ।

'हामीले युक्रेन युद्धभन्दा महिनौं अघि रूसलाई सीमित संख्यामा ड्रोन आपूर्ति गरेका थियौं ,' विदेश मन्त्री अमीराब्दुल्लाहियानले भने । यसअघि इरानी अधिकारीहरूले युक्रेनविरुद्धको युद्धमा रुसलाई हतियार दिएको कुरा अस्वीकार गर्दै आएका थिए ।

यही साताको सुरुमा पनि संयुक्त राष्ट्रसंघका लागि इरानी राजदूत अमिर सईद इरावानीले आफूहरुमाथि लगाइएको ड्रोन बिक्रीको आरोपहरूलाई 'पूर्ण रूपमा आधारहित' बताएका थिए । त्यस समय उनले इरान युक्रेनमा जारी युद्धमा तटस्थ रहेको बताएका थिए ।

'तटस्थता' को नीति इरानको खण्डनको बाबजुद अमेरिका र सुरक्षा परिषदमा उसका पश्चिमी सहयोगीले संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसलाई रुसले युक्रेनमा सर्वसाधारणमाथि आक्रमण गर्न इरानी ड्रोन प्रयोग गरेको बारेमा छानबिन गर्न आग्रह गरेका छन् ।

# मेयर बालेनलाई निर्वाचन आयोगले सोध्यो स्पष्टीकरण



झापा(प्रस) । निर्वाचन आयोगले काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाहलाई हाम्रो नेपाली पार्टीका विभिन्न निर्वाचन क्षेत्रका उम्मेदवारहरूले 'जय लौरो' नामक फेसबुक पेज समेतबाट प्रमुख शाहको समर्थन रहेको भनी गरेको प्रचारप्रसारबारे स्पष्टीकरण सोधेको छ ।

देशको राजधानी शहर समेत रहेको महानगरपालिकाको नगर प्रमुखमा स्वतन्त्र उम्मेदवारको रुपमा निर्वाचित भई कार्यभार सम्हालेको अवस्थामा उक्त दलसँग कुनै आवद्धता नै रहे भएको जस्तो गरी शाहको तस्बिर र नाम निरन्तर प्रयोग भइरहेको विषयमा आयोगले ध्यानाकर्षणसहित पत्र पठाएको हो ।

'निर्वाचन आयोग नेपालले कुनै पनि तवरबाट निर्वाचनको स्वच्छता र निष्पक्षता कायम रहोस् भनी सदैव चासो राख्दछ। संविधान र प्रचलित निर्वाचनसँग सम्बन्धित कानुनको आधारमा निर्वाचन सम्पन्न गर्ने क्रममा ऐन कानुनको परिकल्पना भन्दा बाहिरका उपायहरू प्रविधिमार्फत अवलम्बन गरी निर्वाचन कानुन बाहेकका कानुनको उल्लंघन हुनसक्ने विषयमा समेत आयोग सचेत छ ।' आयोगको स्पष्टीकरणमा भनिएको छ, 'उल्लेखित सन्दर्भमा हाम्रो नेपाली पार्टीसँग यहाँको कुनै कानुनी सम्बन्ध रहेको भन्ने आयोगमा रहेको उक्त दलको अभिलेखबाट नदेखिएको अवस्थामा सोही तथ्यमा विश्वस्त हुँदै पत्र प्राप्त भएको दुई दिनभित्र जवाफ उपलब्ध गराइदिन अनुरोध छ ।'

आयोगले शाहलाई इन्जिनियर अनन्तराज घिमिरे अध्यक्ष रहेको हाम्रो नेपाली पार्टीसँग तपाईंको कुनै आवद्धता छ, छैन ?, हाम्रो नेपाली पार्टीसँग कुनै दलगत आवद्धता छैन भने उक्त दलले तस्बिर र नाम प्रयोग गरी आफ्नो दल र उम्मेदवार हरूको मत निरन्तर मागिरहेको देखिएकोले सो कार्य गर्न कुनै व्यक्त वा अव्यक्त सहमति छ, छैन ? भनेर स्पष्टीकरण सोधेको छ ।

# झलनाथलाई आफ्नै कार्यकर्ताको चुनौती

झापा(प्रस) । नेकपा (एकीकृत समाजवादी)का 'सम्मानित' नेता झलनाथ खनाल आफैंले बनाएको पार्टी नेकपा एमालेका उम्मेदवारसँग चुनावी प्रतिस्पर्धा गर्दैछन् । इलामेली जनतासँग सूर्य चिह्नमा मत माग्दै आएका खनाल यसपटक भने सूर्यलाई भोट नदिनुहोस् भनिरहेका छन् ।

अघिल्ला चुनावहरूमा सूर्यको पक्षमा पैरवी गर्दै कहिले हँसिया हथौडामा त कहिले रूख चिह्नमा मत हाल्न नहुने तर्क गरेर इलामका रनवन ढुलिरहेका हुन्थे । तर, अहिले भने परिस्थिति ठ्याक्कै उल्टो छ । सुर्य अर्थात एमालेलाई मत दिन नहुने र कलम, हँसिया हथौडा र रूख चिह्नमा भोट हाल्नुपर्ने कारण उनले मतदातालाई सुनाइरहेका छन् ।

आगामी मंसिर ४ मा हुने प्रतिनिधि सभा तथा प्रदेश सभा चुनावमा इलाम क्षेत्र नम्बर-१ मा सत्तारूढ गठबन्धनको तर्फबाट साझा उम्मेदवार भएका खनालको चुनाव चिह्न कलम हो । माओवादी र कांग्रेसले उनलाई सघाइरहेका छन् । उनीहरूकै मतको बलमा चुनाव जित्ने तयारीमा खनाल छन् । तर, खनाललाई भने यतिबेला मुख्यगरी कांग्रेका कार्यकर्ता फकाउन हम्मे-हम्मे परिरहेको छ ।

अघिल्ला चुनावमा र करिब एक वर्ष अगाडिसम्म सार्वजनिक मञ्चबाट खनालले प्रहारको निशाना कांग्रेसका कार्यकर्तालाई नै बनाउने गरेका थिए । तर, अहिले तिनै कांग्रेसका कार्यकर्तालाई फकाउनुपर्ने अवस्था आइपरेको छ ।

इलामको फिक्कलमा भेटिएका कांग्रेसका एक कार्यकर्ता भन्छन्, 'हाम्रै अगाडि काँग्रेससँग कम्युनिष्टहरूको तालमेल हुँदैन भनेको याद ताजै छ। हामीलाई उहाँले गुण्डाको रूपमा परिभाषित गर्नुहुन्थ्यो । हामीलाई उहाँले गुण्डागर्दीमा उत्रिएको भन्नु भएको थियो ।'

नेता खनालले स्थानीय तहको निवार्चनमा सूर्योदय नगरपालिकामा एकीकृत समाजवादीको तर्फबाट मेयरका उम्मेदवारलाई काँग्रेसले भोट नहालेको भन्दै 'गुण्डा'को संज्ञा दिएको भन्दै काँग्रेसका मतदाता रूष्ट छन् ।

सार्वजनिक मञ्चबाटै कांग्रेसका नेताहरूप्रति गरिएको कटाक्ष उनीहरूले विर्सिएका छैनन् ।

स्थानीय तहको निर्वाचनमा पनि आफ्नो पार्टीलाई भोट हाल्न नपाएको नेपाली काँग्रेसका मतदाताले संघीय निर्वाचनमा भने आफ्नै पार्टीको उम्मेदवारलाई मत हाल्न पाउने आशा गरेका थिए ।

सूर्योदय नगरपालिका-६ की सुस्मा भण्डारी (४५) भन्छिन्, 'हामीले त आफ्नो पार्टीलाई भोट नै हाल्न नपाउने भयौं । विगतमा प्रतिस्पर्धी भएर उहाँले (खनाल) जितेर जानु भएको हो । आज फेरि उहाँलाई आफ्नो उम्मेदवारको रूपमा मत हाल्न पर्ने भयो । तर, मनले मानेको छैन ।'

सोही नगरपालिकाकी अर्की गंगा ढुङ्गाना (४०)ले पनि २७ बर्षदेखि निरन्तर जित्दैं आएका नेतालाई भोट हाल्न मन नलागेको बताइन् । खनाल २०४८ सालदेखि निरन्तर इमालबाट चुनाव लड्दै आएका छन् ।

इलाम निर्वाचन क्षेत्र नम्बर-१ मा कन्याम, फिक्कल हुँदै पशुपतिनगरबाट भारतको सिक्किम जाने सडक राजा महेन्द्रको पालामा बनेको थियो । त्यसयता नेताहरूले खासै ठूलो काम नगरेको स्थानीयहरू बताउँछन् । नेपाली चियाले बजार नपाएको समस्याप्रति नेताहरुको ध्यान नगएको उनीहरूको गुनासो छ ।

# एमालेले जनता झुक्यायो: सञ्चारमन्त्री कार्की



सुनसरी(प्रस) । सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले नेकपा एमालेले झुटको खेती गरेर जनता झुक्याउने काम गरेको आरोप लगाएका छन् । शनिवार सुनसरीको घुस्कीमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै

मन्त्री कार्कीले एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई लक्षित गर्दै जनता झुक्याउँदै आएको आरोप लगाएका हुन् । सुनसरी ४ को प्रतिनिधि सभा सदस्य पदको उम्मेदवार रहेका कांग्रेस नेता कार्कीले ओलीले संविधानप्रदत्त अधिकार कुण्ठित गर्ने काम गरेको बताए । उनले केपी ओलीले प्रधानमन्त्री हुनेबित्तिकै चुनावमा जनता सामु गरेका वाचा पूरा गर्न छाडेर संविधानप्रदत्त अधिकार कुण्ठित गर्ने कार्यमा जुटेको आरोप लगाए । 'नेपालमा एउटा पार्टी छ, नेकपा एमाले भन्ने जुन पार्टीले नेपाली जनतालाई सधैँ झुटो, पूरा नहुने सपना देखाएर नेपाली जनतामा नैराश्यता ल्याउने काम गर्दछ । हामी जे बोल्छौँ त्यो गर्छौं । नेकपा एमाले भन्ने पार्टी जे बोल्छ, त्यो गर्दैन ।

जे भन्छ, त्यो बोल्दैन । केपी ओली प्रधानमन्त्री हुनेबित्तिकै उहाँको ध्यान निर्वाचनको ताका जनताका अघि गरेका वाचाहरुलाई पूरा गर्न सक्दैन । संविधानले प्रदान गरेका हक र अधिकारलाई कुण्ठित गरेर सबै हक र अधिकार आफ्नो मुठिमा राख्ने प्रयत्नमा लाग्नुभयो । अहिले हामी गठबन्धनको संस्कृतिलाई अघि बढाइरहेका छौं', मन्त्री कार्कीले भने ।

उनले अहिले गठबन्धनको संस्कृतिलाई अघि बढाएको र यो गठबन्धनले नेपालको विकास गर्ने दाबी गरे ।

# कोमल वलीलाई २४ घण्टे स्पष्टीकरण

झापा(प्रस) । निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य दाङ क्षेत्र नं ३ का नेकपा (एमाले)का उम्मेदवार कोमल वलीलाई निर्वाचन प्रचार-प्रसारका लागि बालबालिकाको प्रयोग गरेको विषयमा स्पष्टीकरण सोधेको छ ।



निर्वाचन आचारसंहिता, २०७९ को दफा १३ मा राजनीतिक दल, उम्मेदवार, दलको भ्रातृ संगठन तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने आचरणअन्तर्गत उपदफा (१)को खण्ड (ट) मा ' निर्वाचन प्रचार-प्रसार, आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने', व्यवस्था छ ।

'तपाईंले निर्वाचन आचारसंहिताको दफा १३ को उपदफा (१)को खण्ड (ट)को प्रतिकूल हुने गरी निर्वाचन प्रचार-प्रसार गर्नु भएको होइन भन्ने आधार, प्रमाण के छ ? निर्वाचनका प्रक्रिया अगाडि बढिसकेको तथा निर्वाचन आचारसंहिता लागू भइसकेको अवस्थामा तपाईंले किन जानाजानरूपमा निर्वाचन आचारसंहिताको उल्लंघन हुने कार्य गर्नुभएको हो ?', आयोगको स्पष्टीकरणमा भनिएको छ ।

आयोगले निर्वाचन प्रचार-प्रसारमा बालबालिकाको प्रयोग गर्नु हुँदैन भन्ने जानकारी हुँदाहुँदै सो कार्य गरेको देखिएकाले आचारसंहिताको उल्लंघनमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) र (४) बमोजिमको कारबाही किन हुनु नपर्ने हो ? भनी पत्र प्राप्त भएको २४ घण्टाभित्र आफैं वा आफ्नो प्रतिनिधिमार्फत निर्वाचन आयोगमा वा जिल्ला निर्वाचन कार्यालय दाङमा प्राप्त हुने गरी जवाफ पठाउन उम्मेदवार वलीलाई भनेको छ ।

# झापा सामुदायिक साकोसको साधारणसभा सम्पन्न

भद्रपुर(प्रस) । झापा सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. भद्रपुरको १६ औं बार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ ।

चन्द्रगढीको केन्द्रमोडमा सम्पन्न सभाको उद्घाटन सहकारीका पूर्व अध्यक्ष तथा विरेन्द्र नमुना क्याम्पस चन्द्रगढीका क्याम्पस प्रमुख विवेक पोखरेलले गरे । सभामा शेयर सदस्यका सन्तति तथा जेष्ठ सदस्यसहित विभिन्न विधामा उत्कृष्ट ९ जनालाई सम्मान तथा पुरस्कृत गरिएको थियो ।




यसरी सम्मानित हुने उत्कृष्ट बचतकर्ता तुलसीकृष्ण पोखरेल, ऋणी रुषा राई, अनिवार्य बचतकर्ता रंजित ठाकुर र १२ महिने आबधिक बचतकर्ता गीता दाहाल रहेका छन् । यसैगरी सहकारीका जेष्ठ सदस्यद्वय कमलमाया बस्नेत र सदानन्द भट्टराईलाई दोसल्ला ओढाउनुका साथै विभिन्न खाद्य सामग्री प्रदान गरी प्रशंसापत्रले सम्मान गरिएको थियो ।

त्यसैगरी शेयर सदस्यका सन्तति पुरस्कारबाट २०७८ सालको एसईईमा उत्कृष्ट हुने छात्र नितिन निरौला र छात्रा निर्मला धमलालाई नगदसहित प्रशंसापत्रले सम्मान गरिएको थियो ।

कार्यक्रममा संस्थाका अध्यक्ष हरि गौतमले १ करोड १२ लाख ५ हजार ९ सय रुपैयाँको शेयर पुँजी रहेको बार्षिक प्रतिवेदन प्रस्तुत गर्दै चालु आव. २०७९-८० को बचत तथा ऋणका बारेमा जानकारी दिएका थिए ।कार्यक्रममा प्रमुख अतिथि पोखरेल , नेप्सुनका केन्द्रीय सदस्य घनश्याम अधिकारी ,चन्द्रगढी सामुदायिक बन उपभोक्ता समूहका अध्यक्ष दुर्गाप्रसाद भट्टराई ,सपनादेवी बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष माधवप्रसाद घिमिरे, ज्ञानोदय बचत तथा ऋण सहकारी संस्थाका सदस्य लता खरेललगायतले मन्तव्य राखेका थिए । गौतमको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत उपाध्यक्ष भरत पोखरेल र संचालन सचिव टिकाराम उप्रेतीले गरेका थिए ।

# आदर्श कलेजका विद्यार्थीलाई वित्तीय सचेतना



झापा(प्रस) ।आदर्श स्कुल अफ म्यानेजमेन्टको आयोजना ,सुरुवाती कोठा नेपाल झापा तथा एनएमबी बैंकको सहकार्यमा विद्यार्थीहरुलाई वित्तीय साक्षरतासम्बन्धी एकदिने कार्यशाला गोष्ठी सम्पन्न भएको छ। आदर्श कलेजकी एकाडेमिक कोर्डिनेटर विजया भण्डारीको अध्यक्षता ,तालिम संयोजक दीपक दासले संचालन गरेको कार्यशालामा बैक तथा वित्तीय संस्था ,बचत गर्ने बानी ,बैकको महत्व , बाल बचत ,आधुनिक बैकिङ प्रणाली आदिको बारेमा एनएमबी बैंक चन्द्रगढी शाखाका प्रमुख बिश्वास आचार्य तथा कर्मचारी आशिष तिम्सिनाले सहजीकरण गरेका थिए । कार्यशालामा एनएमबी बैंकका कर्मचारी सरोज अधिकारी ,दिब्या लुइटेल र कलेजका ७० जना विद्यार्थीहरुको सहभागिता रहेको थियो।

### मेचीनगरमा..

प्रविधिका बारेमा चिकित्सकीय अनुभव सम्मेलनका सहभागीबीच आदानप्रदान हुने उनले बताए ।

सम्मेलनमा विज्ञहरुका २० वटा वैज्ञानिक कार्यपत्र र १० वटा पोस्टर कार्यपत्र प्रस्तुत हुने भएको छ। यस्ता सम्मेलनहरु ठूला देश र सहरमा मात्र आयोजना हुने गरेकोमा झापामा आयोजना हुनु गौरवको विषय भएको आयोजक पूर्वाञ्चल क्यान्सर अस्पतालका निर्देशक डा. निराजन प्रसाईले बताए ।

सम्मेलनमा भएका छलफल र अनुभवको विनिमयले क्यान्सरको उपचारमा नयाँ प्रविधिको प्रयोग बढ्ने र यसबाट पूर्वाञ्चल क्यान्सर अस्पतालको सेवाको गुणस्तर विश्वस्तरीय बन्ने भारतको दिल्लीस्थित सर्वोदय क्यान्सर अस्पतालका क्यान्सर रोग विशेषज्ञ डा. दिनेश पेन्दावरले सम्बोधनका क्रममा बताए ।

हल्दीबारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जलथल, झापा , प्रदेश नं. १

बोलपत्र स्वीकृत गर्ने आसयको सूचना

प्रकाशित मिति :- २०७९।०७।२०

यस गाउँपालिका अन्तरगत तपसिल निर्माण कार्यका लागि मिति २०७९/०५/१९ मा प्रकाशित बोलपत्र/ठेक्का आव्हानको सूचना अनुसार तपसिल बमोजिमको शिलबन्दी बोलपत्र न्यनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही ठहर भइ स्वीकृत गरिने भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धीत सबै सरोकारवालाहरुको जानकारीका लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

| क्र स | ठेक्का नं | योजनाको नाम | स्वीकृतिको लागि छनौट भएको बोलपत्र दाताको विवरण | घटीकबोल गरेको रकम रु ( मु अ कर समेत) |
|---|---|---|---|---|
| 1 | HRM/WORK/BRIDGE/NCB/05-079/80, | Construction Of RCC Box Culvert(4-Cell*8.25*5.65) at Bhutteni River& (3-Cell*6*5) at Two Different Location of Bhusudi River at Haldibari Rural Municipality | Sara Shristi Nirman Sewa Pvt. Ltd, Dhankuta | 4,67,94,878.44 |

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

प्रतिदिन
अभिव्यक्ति

कविता

## बूढी आमा र भोट !



राकेश कार्की

प्यारो छोरो
कमाउन गयो
खाडीमै हरायो
आउँला कि भनि
दिन गनि गनि
पाँच वर्षसम्म लगातार
ढोकामा कुरेर बसेकी
एउटी बूढी आमा

रोजगारी सिर्जना गर्छु भनेर
भोट मागेर जितेर
संसद भवन हिँडेको
एउटा सांसद
पाँच वर्षपछि
टुप्लुक्क ढोकामा उभिएर
बूढी आमासँग मागिरहेछ
फेरि एउटा भोट

छोरो पो आइपुग्यो कि
भन्ने मनभित्र
एउटा उर्लिएको हर्ष
एकैचोटि एउटा नमिठो
निराशामा परिणत भयो
कस्तो विडम्बना!

आखिर न आयो हराएको छोरो
न आयो कुनै रोजगारी
आयो त उही उम्मेदवार
फेरि भोट माग्न
'बूढी आमै' भन्दै

भो अब बूढी आमालाई
आफ्नै छोरोले माया गरी
'आमा' भनेको सुन्न मन छ
कोही कसैले
'बूढी आमै' भनेको होइन।

## ए सुन्दरता



सागर ढकाल

ए सुन्दरता
खुला बजारमा
किन आफू छु भन्दै देखाउँदै हिँड्छौ ?
साँच्ची तिमी कहिले सुन्दर थिएनौ ?
तर
सधैँ नयाँ खेलौना पाइरहने दुनियाँ
कुनै दिन हेर्नेछ तिमीलाई
जस्तै हेर्छ बूढो रुखलाई ।

ए मेरा प्यारा
सुन्दर त त्यो बूढो रुख पनि छ ।

ए यौवन
सपनाहरूले सङ्गालेको
तिम्रो सुन्दरता आज कहाँ हरायो ?
कहाँ गुप्त छ त्यो विरासत ?
त्यो विरासत
जो मन्दिर भन्दा सुन्दर थियो
कसैको विश्वास भन्दा सुन्दर थियो ।

ए मनोहर
तिमीले त केवल सानो कलश दिनु छ ।
कलशमा प्रेम भरिदिनु छ ।
जीवन भरिदिनु छ ।
अनि प्रौढ भविष्यले फलाइदिने छ
हाम्रो फूलबारी ।
ए लालित्य

पहिले तिमी आफू सुन्दर बन्नु छ
आफू भुलाएर
अरुलाई केवल
आर्शीबाद मात्र दिनु छ
शरीर भन्दा सुन्दर मन
घृणाले दिने क्षमा भन्दा सुन्दर हृदय
आमाको माया भन्दा गाढा माया ।
ओजिलो विरासत
अनि
अधिकार ।

# उसलाई वृद्धाश्रम नै ठिक !



कमलमणि काफ्ले

प्रभाकर आज ७५ वर्ष पूरा भएर ७६ वर्ष लागेको छ। ऊ एउटा सामान्य स्तरको वृद्धाश्रमको सामान्य कोठा (४-५ वटा बेड रहेको) को एउटा खाटमा पल्टेर आफ्नो विगत सम्झन्छ। उ पूर्वी पहाडको एउटा उच्च मध्यम वर्गीय परिवारको जेठो छोराको रुपमा जन्मेको थियो। उसलाई बाल्यकाल र युवावस्थामा समेत दुःख भनेको हो र कस्तो हुन्छ भन्ने थाहा थिएन। घरमै पण्डित राखेर उसलाई प्रारम्भिक शिक्षा दिइयो। रुद्री, चण्डि, वेदलगायत घरमै बसेर पढी सकेपछि १८ वर्षको उमेरमा उच्च घरानाकी केटी खोजी बिहे भयो। त्यति बेलाको चलनअनुसार बिहे भएपछि केटीको उमेर हेरी ३-४ वर्षसम्म माइतमै बस्ने गरिन्थ्यो। प्रभाकरकी श्रीमती पनि बिहेपछि माइत गइन्। ऊ चाहिँ पढ्न काशी गयो। ४-५ वर्ष काशी बसेर ऊ पण्डित भई गाउँ फर्कियो। ऊ फर्कदा श्रीमती घर आइसकेकी थिइन्। रहँदा बस्दा दुई वटा छोरा जन्मेपछि श्रीमती बिरामी परिन्। त्यसबेला कतै लगेर औषधि उपचार गर्ने चलन थिएन। गाउँमै धामीझाक्री र जडिबुटीले उपचार त गरियो तर उनी बाँचिनन्। २ वटा लालाबालालाई टुहुरा बनाएर श्रीमती अस्ताइन्। त्यसपछि भने प्रभाकरका दुःखका दिन पनि सुरु भए।

गाउँघरको त्यति बेलाको चलनअनुसार बिहे गरेर एउटा बच्चा भएपछि नै ४ भाइ छोरामध्ये ऊ जेठो छोरालाई उसका बाबुले अंश दिई छुट्याइदिसकेका थिए। यद्यपि हुनेखाने बाबुको जेठो छोरो प्रभाकरले छुट्टिए पनि सम्पत्ति प्रशस्तै पाएको थियो र काशीमा पढेर पण्डित भएर आएको र गाउँघरमा जजमानी पनि गर्ने हुँदा जजमानीबाट पनि प्रशस्तै आम्दानी हुने भएकाले उसलाई कुनै कुराको अभाव थिएन। सम्पूर्ण घरव्यवहार र छोराहरू हुर्काउने काम घरमा राखेका नोकरचाकरका साथ श्रीमतीले नै धान्थिन्। श्रीमतीको मृत्युपछि ७ र ४ वर्षका दुई छोराको हेरचाह र लालनपालन उसको जिम्मामा आयो। यद्यपि घरमा नोकरचाकरको त कमी थिएन। तैपनि साना छोराहरूलाई अरुको भरमा मात्र छोड्न उसको मनले नमानेको हुँदा उसको अधिकतम समय छोराहरूको हेरचाहमै बित्न थाल्यो। श्रीमती बितेको ३-४ महिनादेखि नै उसलाई बिहे गर्ने दबाब आउन थाल्यो। बाबु, आमा, भाइहरूलागायत गाउँलेहरूले केटाकेटीको हेरचाहकै लागि भए पनि छिट्टै बिहे गर्न दबाब दिन्थे। तर ऊ सुन्थ्यो र केही जवाफ दिँदैन थियो। विभिन्न ठाँउबाट बिहेको प्रस्तावहरू पनि बराबर आइरहन्थ्यो।

श्रीमती बितेको वर्षदिन नाघेपछि त झन् चारैतिरबाट उसलाई बिहेका लागि दबाब आउन थाल्यो। तर ऊ भने अर्को बिहे नगरी यिनै दुई छोरालाई लालनपालन गरी उनीहरूलाई योग्य र सक्षम बनाउने विचारमा दृढ थियो। भन्नलाई अनेक बहाना बनाई आएको दबाब र प्रस्तावहरूलाई टारिदिन्थ्यो। समय बित्दै गयो, बिहेको लागि जति नै जोडबल गरे पनि उसले बेवास्ता गरेपछि अब त यस्ता सल्लाह र प्रस्ताव आउन पनि छोडे। छोराहरूलाई घरमै शिक्षक राखेर प्रारम्भिक शिक्षा दिएपछि घरबाट अलिक टाढा खुलेको विद्यालयमा छोराहरूको भर्ना गरिदियो। विद्यालय अलिक टाढा रहेको हुँदा जेठा छोरा अलिक ठूलो नभएसम्म आफै विद्यालय पुर्याउने र लिन जाने गर्यो। त्यहाँ ७ कक्षासम्म मात्र पढाइ हुने हुँदा जेठा छोराले ७ पास गरेपछि सीमापारि भारतस्थित स्तरीय विद्यालयमा आवासीय विद्यार्थीको रुपमा भर्ना गरिदियो र सानो छोराले पनि त्यहाँ पढाइ सकेपछि त्यहीं लगेर भर्ना गरिदियो।

त्यहाँ विद्यालय तहको पढाइ सकेपछि पहिले जेठालाई र पछि कान्छालाई पनि काठमाडौंमा पढ्न पठायो। राम्रो घरमा फ्ल्याट लिएर बस्ने व्यवस्था मिलाई खाना बनाउने, लुगा धुने आदि कामको लागि गाउँबाटै भान्सेसम्म ल्याई छोराहरूको सहयोगीको रुपमा राखिदियो। दुवै छोराहरूले राम्रैसँग पढे र पढाइ सकेपछि जेठाले सरकारी जागिर खान थाल्यो। जागिर खान थालेपछि त्यतै सँगै पढेकी केटी बिहे गर्ने प्रस्ताव ल्यायो। छोराहरूको खुसी नै आफ्नो खुसी मान्ने उसले आफैले खर्च गरेर काठमाडौँमै जेठा छोराको धुमधामसँग बिहे गरिदियो। कान्छो पढिसकेर विदेश जाने भयो। लाग्ने खर्च सबै आफैले व्यहोरेर कान्छालाई विदेश पठायो। कान्छाले उतै घरजम गर्यो।

जेठी बुहारीलाई घरधन्दामा दुःख हुन्छ भनेर गाउँबाट सहयोगी खोजेर पठाइदियो। आफूले अब छोराहरूप्रति गर्ने सबै कर्तव्य पूरा गरेको ठानेर आनन्दले ऊ घर गाउँमै बसिरहेको भए पनि जेठो छोराले 'सरकारी जागिरले परिवार पाल्न मुस्किल भयो' भनी समय समयमा खर्च माग गर्थ्यो। ऊ भएका जग्गा जमिन बेचेर भए पनि छोराले मागेअनुसार पैसा पठाउन पछि पर्दैन थियो। 'आखिर यो सम्पत्ति उनीहरूकै हो, फेरि हालसम्म छोरालाई कुनै आर्थिक अभाव हुन दिएको छैन भने समस्यामा परेको बेला अब किन सहयोग नगर्ने?' भन्ने उसको धारणा थियो।

यस्तैमा समय बित्दै गयो, जेठा छोराले 'यहाँ ससुरालीले घडेरी दिने भनेका छन्, कति डेरामा बस्नु अब घर बनाउनु पर्यो। त्यहाँको जग्गाको अब के काम खेती गर्न पनि सकिँदैन, बेचेर पैसा ल्याएर यहाँ घर बनाउँ' भन्ने प्रस्ताव पठायो।

ठिकै त हो, यो सम्पत्ति रहे उनीहरूकै हो। यसलाई बेचेर उता घरबार जोड्ने प्रस्ताव ठिकै लाग्यो र धान फल्ने खेत जति सबै बेचेर छोरालाई घर बनाउन पैसा पठायो। उता घर बन्न सुरु भयो।

पहाडको जग्गा बेचेर पठाएको पैसाले घर बनेर पूरा गर्न पुगेन। अनि छोरो आफै 'अब पहाडको घरबारीलगायत सबै सम्पत्ति बेचेर पैसा लगी घर पूरा गरौं र बुबा पनि अब वृद्ध हुनुभयो, एक्लै यहाँ किन बस्नु उतै जाऔं' भन्ने प्रस्ताव लिएर आयो।

छोराको माग कहिल्यै नटार्ने प्रभाकरले सोच्यो 'ठिकै त हो, अब आफू वृद्ध पनि भइयो उतै गएर छोरा, बुहारी, नाति, नातिनासँगै बसेर रमाउन पाउनु राम्रै हो' भन्ने सोची बाँकी रहेको पाखाबारी र घर समेत बेची आएको रकम छोरालाई जिम्मा दिई आफ्ना लुगाफाटाको पोको बोकी ऊ छोराको पछि लाग्यो।

घर बन्यो। एक/दुई वर्षसम्म त ठिकै रह्यो। तर प्रभाकर अब पूर्ण रुपमा छोरा बुहारीमा आश्रित थियो। वृद्धावस्था, औषधि उपचार गरिरहनु पर्थ्यो। औषधि खाइरहनु पर्थ्यो। अब ऊसँग औषधि किन्ने पैसा त हुने कुरै भएन। छोरासँग माग्दा पनि छोराले झर्कोफर्को गरेको उसले महसुस गर्न थाल्यो। त्यस्तै खाना खाने बेलामा बुहारीको व्यवहार पनि बदलिको उसले महसुस गर्न थाल्यो।

ऊ दिनभर कोठामा एक्लै बस्थ्यो। छोरो काममा जान्थ्यो। उसलाई कसैले वास्ता गर्दैनथ्यो। बुहारी, नातिनातिना भान्सामा हल्लाखल्ला गरेको चाइँ-चाइँ चूइँ-चूइँ के-के पकाएको, खाएको सबै ऊ थाहा पाउँथ्यो तर उसलाई दिउँसो खाजा त के चिया समेत कसैले दिँदैनथ्यो। उसले पहाडबाट आफू आउँदा ल्याएका दुई/चार वटा धार्मिक पुस्तकहरू थिए, तिनै पढ्थ्यो। दिन कटाउने अन्य साधन ऊसँग केही थिएन।

यस्तैमा एकदिन छोरा र बुहारीबीच कुरा भएको उसले सुन्यो। 'अब छोराछोरी ठूला भए उनीहरूलाई पनि छुट्टाछुट्टै कोठा दिनुपर्ने, बुवाको हेरचाह गर्न पनि गाह्रो भयो। कतै वृद्धाश्रम खोजेर उहाँलाई त्यहाँ राखिदिन पाए पनि हुन्थ्यो,' बुहारीले भनि।

छोराले पनि 'कुरा त ठिकै हो तर अब कसरी बुवालाई वृद्धाश्रम जाऊ भनेर भन्नु' भन्यो।

'तपाईं भन्न सक्नु हुन्न भने म भन्छु। पहिला वृद्धाश्रम खोजौं,' बुहारीले भनि।

छोराले 'म खोज्छु' भन्यो।

यो कुरा सुनेपछि ऊ छाँगाबाट खसेजस्तो भयो र सोच्यो, 'उनीहरूले प्रस्ताव ल्याउनु न्दा अगाडि नै म आफै वृद्धाश्रममा जाने प्रस्ताव राख्छु। त्यसपछि त छोरालाई पनि हल्का हुन्छ।'

भोलिपल्ट बिहान छोरा सँगसँगै खाना खाने टेबलमा बस्ने मौका मिल्यो। बुहारी पनि त्यहीं थिई। उसले मौका यही हो भनेर 'अब त नातिनातिना पनि ठूला भैसके, उनीहरूलाई छुट्टाछुट्टै कोठा दिनुपर्छ। घरको काम र मेरो हेरचाह गर्न बुहारीलाई पनि धेरै धपेडी भैरहेको छ। त्यसैले एउटा वृद्धाश्रम खोजेर मलाई राखिदेओ, म वृद्धाश्रम जान्छु।'

यो प्रस्ताव सुनेपछि छोराले 'खै कोनि त बुवा! वृद्धाश्रम जाने र?' भन्यो।

बुहारीले 'बुवाले ठिकै त भन्नुभएको छ नि, त्यहाँ भए आफ्ना दौंतरीहरू हुन्छन्, गफगाफ गर्न पाइन्छ। यहाँ सधैँ एउटा कोठामा एक्लै बसिरहनु परेको छ। गफ गर्ने कोही हुँदैन। कसैलाई यहाँ गफ गर्ने फुर्सद नै छैन। बेलाबेलामा चाडपर्वमा हामी भेट्न जाउँला। बुवाको प्रस्ताव ठिकै हो' भनी।

भोलिपल्ट बेलुका अफिसबाट आएपछि छोरो बुवाको कोठाभित्र पस्यो र 'बुवालाई यहाँ बस्न असहज भए जस्तो छ, के वृद्धाश्रम नै जाने त? तपाईंले हिजो त्यो कुरा गरेपछि बुहारी पनि यहाँभन्दा तपाईंलाई उतै सहज हुन्छ भन्दै छ' भन्यो।

उसले व्यङ्ग मिश्रित भनाइ भन्यो, 'हुन्छ बाबु, यहाँ तिमीहरूलाई पनि असहज मलाई पनि असहज, वृद्धाश्रम गएँ भने त दुवैतर्फ सहजै सहज हुन्छ। बरु छिट्टै वृद्धाश्रम खोजेर मलाई पुर्याइ दे।'

छोरो प्रसन्न हुँदै 'हुन्छ बुवा! म खोज्छु' भनेर कोठाबाट निस्कियो।

तीन/चार दिनपछि आफ्नो भएको केही लुगाफाटो र त्यही दुई/चार वटा धार्मिक पुस्तकहरूको एउटा पोको बोकी ऊ छोराको पछि लागेर यस आश्रममा आई बस्ने गरेको पनि आज तीन वर्षभन्दा बढी भैसकेछ। यस बीचमा मुस्किलले २-३ पटक छोरो भेट्न आयो होला। बुहारी र नातिनातिनाको त घरबाट निस्केपछि अनुहार देखेको छैन।

सामूहिक कोठामा बस्ने, सामूहिक खाना खाने गर्दा दाताहरूले दिएको अनुदानको भरमा वृद्धाश्रमले नै निःशुल्क व्यवस्था गर्दो रहेछ। औषधि खानको लागि पनि एउटा परोपकारी संस्थाले सामान्य औषधिको खर्च व्यहोर्ने व्यवस्था रहेछ। समय-समयमा वृद्धाश्रममै डाक्टर आएर स्वास्थ्य जाँच गर्ने र ठूलै रोग लागी उपचार खर्च धेरै लाग्ने भएमा भने आफैले व्यवस्था गर्नुपर्ने रहेछ।

सौभाग्य! उसलाई त्यसरी आफैले पैसा खर्च व्यहोर्नु पर्ने अवस्था हालसम्म आएको छैन र छोराले कुनै खर्च गर्नुपर्ने अवस्था पनि आएको छैन, इश्वरको कृपाले। बरु उल्टै बुवालाई वृद्धाश्रममा खर्च दिनुपर्छ भनेर छोराले विदेशमा रहेको आफ्नो भाइलाई खर्च पठाउन भन्दो रहेछ र समय-समयमा कान्छाले खर्च पठाउने पनि गरेको रहेछ।

तर तीन वर्षमा बढीमा तीन पटक भेट्न आउँदा १-१ किलो फलफूल बाहेक छोराको तर्फबाट उसलाई आजसम्म कुनै खर्च प्राप्त भएको छैन। छोराले आफ्नो लागि भनेर आश्रममा कुनै रकम दिएको पनि छैन।

यत्तिकैमा आश्रमको पाले आएर 'बुवाको टेलिफोन आएको छ' भनेपछि प्रभाकरको सोचाइको श्रृङ्खला पनि भङ्ग भयो। आज उसको जन्मदिन, कान्छो छोराले विदेशबाट शुभकामना दिन टेलिफोन गरेको रहेछ। सोच्यो, 'धन्य कान्छो छोरो।'

# बा'को फोन!



अशोक परियार

देश खाएर शेष भएका जस्ता देखिने चक्रपाणि गौतमको हातमा मोबाइल आएदेखि गाउँलेहरू भन्छन्- चक्रेको भुइँमा खुट्टा छैन । लौ भुइँमा खुट्टा छैन रे ! हैन मोबाइल हातमा आउँदैमा भुइँमा खुट्टा छैन भन्नुको के अर्थ रह्यो र ? बरु धेरै खुसी छन् भन्दिए भैहाल्यो । हुन त नेपाली समाजले उहिलेदेखि नै उमार्दै आएका यस्ता अनेक वाक्यहरूद्वारा छक्क नपर्ने हो भने यो आधुनिक भनाउँदो मान्छेलाई लेख लेख्न विषयवस्तु पनि त नहोला । यस्ता कति वाक्यांशका मतलब त खै, चक्रपाणि गौतमले पनि कहाँ बुझेका होलान् र ? खैर ! यस्ता आउरेबाउरे लवजले नेपाली भाषालाई अमर बनाएकै छन् ।

नामी काजी साबका ' बाट गोडा ६० दिनमा फिर्ता गरिदिने वचन बाँधेपछि चक्रपाणि गौतमले १० हजार सापटी ल्याए र छोराको मोबाइल नम्बर काजी साबकहाँ छोडेर आए । छोराको औधी माया लागेर ' विदेशा भाको छोरोसा बोल्न पाउँछु कि' भन्ने हेतुले सेतो कपालका गिर्खामा ल्याएको चेतुले गर्दा नै हो उनलाई ' मोबाइलले तु ' भन्ने मेसो आएको ।

मोबाइल ल्याएकै दिनमा १२ पास गरेको, ठाउँमा पढेको तर बिदाले गर्दा गाउँमा आई बसेको सुधिरको छोरालाई 'आफ्नो छोरोलाई फोन लागाइदेऊ , बोल्छु ' भन्दै गएका थिए । उसले मिलाइदिएछ क्यार । बुढाको मुखबिन्दुमा खुसी आएको कुरा २ / ३ दिनदेखि गाउँलेहरूले विचार पुर्याएका छन् । चक्रपाणि वर्षले ७९ लाग्न लागेका छन् । बुढीको भत्ता आउने बेला हुनै लाग्दा देहान्त भएपछि हँसमुख स्वभावका चक्रपाणि शान्त देखिन थालेका थिए । सायद बुढ् यौलीले पनि हुनसक्छ । यति पढिसक्दा ' म ' को हो त ? भन्ने प्रश्न उठ्नु जायज हो । म त्यही समाज भित्रको आधुनिक मान्छे जसले चक्रपाणि गौतम वा भनौँ साथीजस्तै बा चक्रपाणिलाई नजिकबाट चिनेको छ । चक्रे बासँग राम्रो मित्रता छ मेरो । यस्तो मित्रता गाउँमा अरु कमैसँग छ ।

हुन त म तराईको मान्छे , कामको खोजि गर्दागर्दै पहाड पसेको हुँ र भेटेको हुँ चक्रपाणि बालाई । धेरथोर कथा पनि लेख्ने कोसिस गर्छु । आज कथाका पात्र खोज्दाखोज्दा हैरान भैसकेपछि मलाई चक्रे बाको याद आएको हो । जवानीमा पानी लिन जाँदा पिरिम परेको रहेछ फुली आमै र चक्रे बाको । बुढा हक्की स्वभावका , पिरिम परेको १० दिनमै घर ल्याएका रहेछन् । चक्रे बाका बाले बास नदिएपछि बाँसले बारीको बीचमा बारेर फुली आमैलाई राख्ने बन्दोबस्त गरेछन् । छोरो जन्मियो , हुर्कियो अनि विदेशियो । बाका सुखदुःखका त छुट्टै कहानी बन्छन् तर आज भने मोबाइल हातमा परेदेखि र छोरोसँग बोलेदेखि बलेका चेहेरा लिएका चक्रपाणि बाका सन्दर्भलाई अगाडि बढाउँ ।

हुर्केको छोरो विदेश गएको आजका दिनसम्म दशक भयो भन्छन् बा । बासँगका त्यो मित्रताले गर्दा पनि होला बा कहिलेकाहीँ अन्तरकुन्तरका कुरा पनि मसँग फुकाउँछन् । म उनको कथा उनकै छोरा जसरी सुनिदिन्छु । उनले एकदिन कुरा गर्दागर्दै भनेका थिए ' हेर बाबै , जिन्दगी पनि एक्लै भाछ । छोरो पनि फर्क्या होइन । आयो भने यो बूढोलाई सहारा हुन्थ्यो कि भनेको खै आउँला जस्तो छैन । ' उनको यो कुराले कता-कता मलाई पनि राम्रोसँग झापड लागेजस्तो भयो । सम्झिएँ मेरा आफ्नै बालाई ।

मेरा बा पनि त मलाई कुर्दै होलान् । चक्रे बा हिजोभन्दा आज जीवनको उत्तरार्ध बाँच्दै छन् । छोरोसँग सम्पर्क हुन थालेदेखि केही खुसी देखिएका छन् तर आफै-आफै गर्तमा विलीन हुँदै गएको आभास हुन्छ ।

छोराले उतै बोलाउन खोजे पनि बा जानु भएको छैन , जान पनि सक्नुहुन्छ भर छैन । बा जानु या नजानुको खासै सरोकार छैन कसैलाई । तर म यही प्रार्थना गर्छु कि , चक्रपाणि बाले गर्नु भएको फोन उहाँको छोराले सधैं उठाओस् जसले बा अझै दुई दिन धेरै बाँच्न सक्नुहुनेछ ।

# पत्रकार अर्जुन जम्नेली सम्मानित

पथरीशनिश्चरे(प्रस) । मोरङलाई आधारक्षेत्र बनाएर करिव दुई दशक अघिदेखि पत्रकारिता गर्दै आएका मोरङ पथरीशनिश्चरे नगरपालिका १ का अर्जुन जम्नेली राईलाई लर्ड बुद्ध बचत तथा ऋण सहकारी संस्थाले सम्मान गरेको छ । पथरीशनिश्चरे २ मा रहेको लर्ड बुद्ध बचत तथा ऋण सहकारी संस्थाले आफ्नो २० औं बार्षिक साधारणसभाको अवसरमा सम्मान गरेको हो ।

लर्ड बुद्ध बचत तथा ऋण सहकारी संस्थालाई स्थापित गराउनुका साथै संस्थाको सदस्यहरुको आर्थिक, सामाजिक, सांस्कृतिक रुपान्तरणसँगै यसको विकासमा महत्वपूर्ण योगदान गरेको भन्दै पूर्व सञ्चालकको रुपमा राईलाई दोसल्ला ओढाउनुको साथै र सम्मानपत्र प्रदान गरिएको छ। २०५९ सालदेखि निरन्तर पत्रकारिता गर्दै आएका राईसँग गोरखापत्र, ब्लाष्ट टाइम्स दैनिक, पूर्वी कमाण्ड दैनिक, विभिन्न एफएम तथा टेलिभिजनहरुमा काम गरेको अनुभव छ । उनी हाल रातोकलम अनलाइनमा प्रवन्ध सम्पादकको रुपमा कार्यरत छन् । नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) १ नं. प्रदेश समितिको निवर्तमान अध्यक्ष राई नेपाल पत्रकार महासंघ मोरङको पूर्व जिल्ला सदस्य, सञ्चार क्लव उर्लाबारीको वर्तमान सल्लाहकार, किरात राई यायोक्खा केन्द्रीय उपमहासचिव भएर सामाजिक कामहरु गर्दै आएका छन् । संस्थाका अध्यक्ष धनराज राईको सभापतित्वमा भएको कार्यक्रममा पथरीशनिश्चरे नगरपालिका २ का वडा अध्यक्ष नैना राई, सचिव महेन्द्र ढुङ्गाना, ब्यवस्थापक गणेश बछना राईलगायतको उपस्थिति रहेको थियो ।

लर्ड बुद्ध सहकारी संस्थाले सोही अवसरमा २८ जना जेष्ठ नागरिकहरुलाई जेष्ठ नागरिक भत्ता वितरण गरेको थियो । लर्ड बुद्ध सहकारी संस्थाले ७० बर्ष नाघेका सदस्यहरुलाई बृद्ध भत्ता प्रदान गर्दै आएको छ ।

# स्वतन्त्र उम्मेदवार लिम्बूले सार्वजनिक गरे प्रतिवद्धता

पथरीशनिश्चरे(प्रस) । नेपाली काँग्रेसका बागी उम्मेदवार जयराज संयोक लिम्बूले आफ्नो प्रतिवद्धतापत्र सार्वजनिक गरेका छन्।

मोरङ क्षेत्र नं ३ बाट प्रतिनिधिसभा सदस्य पदको लागि स्वतन्त्र उम्मेदवारी दिएका कानेपोखरी-४ का लिम्बूले आफ्नो क्षेत्रका जनतासँग मतदान गर्न अपिल गरेका हुन् । शनिबार पथरी शनिश्चरेमा पत्रकार सम्मेलन गर्दै नेपाली काँग्रेसका महाधिवेशन प्रतिनिधि तथा मोरङ जिल्ला सदस्य समेत रहेका लिम्बूले प्रेस विज्ञप्ति जारी गर्दै मोरङ क्षेत्र नं. ३ बाट प्रतिनिधि सभा सदस्य उम्मेदवार पदको लागि आफूले माछा चिन्ह लिएर स्वतन्त्र उम्मेदवारी दिएको बताए । उनले भने -'नेपालको घरेलु राजनीतिलाई मात्र नियाल्ने हो भने मोरङ क्षेत्र नं. ३ का राप्रपा, कांग्रेस र एमालेका उम्मेदवारहरू एउटै ध्रुव केन्द्रित उम्मेदवारहरू हुन् । त्यसैले राष्ट्रिय हितको दृष्टिले मोरङ क्षेत्र नं. ३ को निर्वाचन अरु एकलकाटे एकपक्षीय छ । यसर्थ शक्ति सन्तुलनका दृष्टिकोणले मेरो स्वतन्त्र उम्मेद्वारी यस ठाउँको वस्तुगत आवश्यकताको उपज हो ।' 'निकै लामो समयदेखि राजनैतिक पृष्ठभूमिबाट राजनीतिमा प्रवेश गरेको बताउँदै उनले अगाडि भने -'म दलविहीन निरंकुश पञ्चायती व्यवस्थाको अन्त्य गरी प्रजातान्त्रिक व्यवस्थाको स्थापनार्थ भएको आन्दोलनमा बाल्यकालदेखि सरिक रहेको व्यक्ति हुँ ।' उनले बुवा अन्तर्राष्ट्रिय तत्व घोषित भई भारत प्रवासमा जाँदा सो परिवारको सदस्यको रुपमा आफू पनि बाल्यकालदेखि भारत प्रवासमा रहनु परेको र किशोर अवस्थामा नै नेविसंघमा आवद्ध भई नेविसंघ मोरङ जिल्ला सदस्य, जिल्ला सह-सचिव र जिल्ला सभापति साथै तत्कालीन कानेपोखरी गा.वि.स.को तरुण दल संस्थापक सभापतिको नेतृत्वदायी भूमिका निर्वाह गरेको बताए । उनले नेपाली काँग्रेस १३ औं महाधिवेशनमा महासमिति सदस्य र १४ औं महाधिवेशनमा महाधिवेशन प्रतिनिधि तथा मोरङ जिल्ला सदस्यको समेत दायित्व निर्वाह गरेको जानकारी दिए । पत्रकार सम्मेलनमा बोल्दै उनले पार्टीका नेताहरूको व्यक्तिगत स्वार्थले दलको नीति, सिद्धान्त, आदर्श र पद्धतिलाई ध्वस्त बनाएको आरोप लगाए । 'आज विश्वव्यापी विचार र सिद्धान्तहरू भन्दा पृथक




ढंगले दलीय मूल्य मान्यतालाई तिलाञ्जली दिँदै अपवित्र गठबन्धनको गाँठोमा बाँधिएको अवस्था विद्यमान छ ' उनले भने। उनले आफ्नो ३६ बुँदाको घोषणापत्रमार्फत किर्तिपुर, बयरवन, डाँगीहाट, हरैचा लिंक सडक ४ वर्षमा निर्माण गर्ने , लिंक सडकभित्र ऐतिहासिक पुराना बजारहरू साक्फारा, बयरवन, डाँगीहाट र हरैचालाई खेल प्रशिक्षण केन्द्र, प्राविधिक शिक्षालय संचालन गरी आर्थिक पुनर्जीवन दिने, बेलबारीलाई आधुनिक पशु कृषि बजार बनाउने, डाँगीहाट र बयरवनमा कृषि बजार निर्माण गर्ने , लिंक सडकका कृषि बजारहरूमा तरकारी, फलफूल र अन्नको शित भण्डार बनाउने, बेलबारी पथरीमा मिनी रंगशाला बनाउने , यो क्षेत्रभित्रका ४ पालिकामा ४ वटा जिम खाना र एउटा अन्तर्राष्ट्रिय स्तरको स्वीमिङ पूल बनाउने , यूरिया र डि.ए.पि मलको लागि डाँगीहाट र बयरवनमा गोदाम बनाई संचय गर्ने व्यवस्था मिलाउने , रमाइलो झोडा काण्ड २०२८ र जनयुद्धको स्मृतिमा कानेपोखरीमा शहिद पार्क र गेट बनाउने, बक्राहा, चिसाङ र डाँसखोलामा तटबन्ध गरी नदी उकास जमिनमा सामूहिक तरकारी , फलफूल खेती गर्ने र अदक्ष कामदारलाई रोजगारी सिर्जना गराउने, गोठगाउँमा प्रस्तावित प्रादेशिक अस्पताल शिघ्र सुचारु गराउने , चारै नगरपालिकामा रहेको सामुदायिक वनलाई प्रयोग गरी गौशाला ध्यान केन्द्र , मुन्धुम र संस्कृत भाषा अध्ययन केन्द्र र जमिनमुनि फल्ने नगदे बाली बसार, अदुवाजस्ता खेती गर्ने , ४ वटै नगरपालिकालाई वातावरणमैत्री ग्रामीण शहर बनाउने , पूर्वपश्चिम रेल मार्ग निर्माणमा दवाव दिने , पूर्वपश्चिम राष्ट्रिय नहरमा जल यातायातको व्यवस्था गर्न लविङ गर्ने, यस क्षेत्रको १८ जनजातिको भाषा र संस्कृति संरक्षण गर्न पठनपाठनको व्यवस्था गर्ने र संस्कृति संरक्षण गर्न राष्ट्रिय वार्षिक चाडहरू मनाउन जनसंख्याको आधारमा बजेट विनियोजन गर्ने , सन्थाल, खवास, धिमाल जातिको भाषा र संस्कृति उत्थान गर्न स्वायत्त विशेष र संरक्षित क्षेत्र बनाउनुका साथै नेपालको संविधान भाग-५, धारा ५६ को उपधारा ६ र ७ बमोजिम कार्यान्वयन गर्न विधेयक पेश गर्ने , सगरमाथा फेदी सम्म पर्यटकीय स्टेशनसहितको केबुलकार चलाउने, सुनकोसी, अरुण र तमोरमा जल यातायातको व्यवस्था मिलाउन संसदमा आवाज उठाउने , लेटाङ, केराबारी र बेलबारीबीचमा प्रदेश नं १ को अन्तर्राष्ट्रिय एयरपोर्ट निर्माण गर्ने नीति ल्याउने , विद्युत निर्यातसँगै विद्युत उत्पादनमा लगानी बढाउन देशमा भित्रिएको विदेशी मुद्रामा हुने भ्रष्टाचार रोक्न र मुठ्ठीभर व्यक्तिको हातमा सम्पत्ति केन्द्रित नहोस् भनी स्वायत्त अधिकारसहित भ्रष्टाचार नियन्त्रण आयोग बनाउने र आयोगलाई साधन, स्रोत, कानूनी अधिकार र निर्णय कार्यान्वयन गर्न स्वायत्त अधिकार दिलाउन विधेयक पेश गर्नेलगायतका महत्वकांक्षी योजनाहरु पेश गरेका थिए।

# प्रदेश १ मा १५ हजार ९ सयले गरे गर्भपतन

झापा(प्रस) । प्रदेश १ मा एक वर्षमा १५ हजार ९ सय ११ जनाले सुरक्षित गर्भपतन गराएको पाइएको छ । स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाले दिएको जानकारी अनुसार आर्थिक वर्ष २०७८/०७९ मा प्रदेश १ मा सो संख्यामा महिलाहरूले गर्भपतन गराएको पाइएको हो । सरकारी रिपोर्ट अनुसार ७ वर्षदेखि १९ वर्षसम्मका किशोरीहरुले बिभिन्न स्वास्थ्य संस्थाबाट गर्भपतनको सेवा लिएको देखिएको छ । गर्भपतनको सेवा लिनेहरु अधिकांश २० वर्षभन्दा मुनिका छन् । नेपालमा ५७ प्रतिशत महिलाले असुरक्षित रुपमा गर्भपतन गराइरहेका छन् । सरकारी तथ्यांक अनुसार गर्भपतन गराउनेहरु मध्ये ४३ प्रतिशतले मात्रै सुरक्षित रुपमा गराएको देखिएको छ । नेपालको ऐन, नियम, कानुन, निर्देशिकाहरूले सुरक्षित गर्भपतनलाई मान्यता दिएको छ । तर, सुरक्षित रुपमा गर्भपतन गराउन पाइन्छ भन्ने जानकारी ४३ प्रतिशत महिलालाई मात्रै छ । ठूलो संख्यामा महिला तथा किशोरीहरु सूचीकृत नभएका फार्मेसी र अन्य स्वास्थ्य संस्थामा गएर सेवा लिने गरेका छन् । स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाकी नर्सिङ कम्युनिटी अधिकृत कविता अर्याललले हाल देशमा १५ सय स्वास्थ्य संस्था सुरक्षित गर्भपतनको सेवा दिन सूचीकृत भएको बताईन् । सूचीकृत स्वास्थ्य संस्थाबाट २०६० देखि हालसम्म १४ लाख ६४ हजार १५ जनाले सुरक्षित रुपमा गर्भपतन गराएका छन् । 'असुरक्षित गर्भपतनको यकिन तथ्यांक भने सुरक्षितको जस्तो लिन सहज छैन' उनले भनिन् । असुरक्षित रुपमा भएको गर्भपतनलाई कसरी घटाउने भन्ने ठूलो चिन्ता रहेको अधिकारीहरुले बताएका छन् ।

# सहाराले दियो सेवाकेन्द्रका पदाधिकारीलाई तालिम

**धर्मेन्द्र मामा**

झापा ।नेपालकै सबैभन्दा ठूलो सहकारी संस्था सहारा नेपाल साकोस चारपाने झापाले आफ्ना सेवाकेन्द्रका उपसमितिका पदाधिकारीहरूका लागि दुईदिने अभिमुखीकरण तालिम सम्पन्न गरेको छ। संस्थाको केन्द्रीय कार्यालयमा शनिवार सम्पन्न तालिममा माईपूर्वका ९ वटा सेवाकेन्द्रका ३६ जना उपसमितिका संयोजक तथा सदस्यहरुको सहभागिता रहेको थियो। कार्यक्रमलाई नेप्स्कुनका पूर्व सदस्य घनश्याम अधिकारी, सहारा नेपाल साकोसका प्रमुख कार्यकारी महेन्द्र




गिरी र सहनिर्देशक दिनेशबहादुर निरौलाले सहजीकरण गरेका थिए। कार्यक्रममा सहकारी उत्पति, विकास, औचित्य तथा मूल्य , मान्यता तथा सिद्धान्त, सहकारीमा सुशासन , ऐन, कानून, नीतिनियम र सदस्य केन्द्रीयता , सहकारीमा नेतृत्व विकास, पल्स अनुगमन प्रणाली तथा संस्थाको वित्तीय अवस्थाबारे जानकारी गराइएको थियो। त्यसैगरी संस्थाको वस्तु तथा सेवाबारे जानकारी, बचत ,ऋण बिमा, रेमिट्यान्स प्रविधि, सेवाकेन्द्र उपसमितिको जिम्मेवारी तथा अधिकारका बारेमा पनि जानकारी गराइएको थियो। तालिम संयोजक मातृका सुवेदीले सेवाकेन्द्र उपसमितिले गर्नुपर्ने बार्षिक कार्यक्रमको खाका बारेमा जानकारी दिएका थिए । तालिम समापन समारोहमा सहारा नेपाल साकोसका संचालक समितिका अध्यक्ष हरिबहादुर राजवंशी, संस्थाका निर्देशक लक्ष्मण खतिवडालगायतले तालिमको औचित्य र महत्ववारे प्रकाश पारेका थिए ।

# प्रदेश १ को नाम किरात राख्न माग

झापा(प्रस) । किरात राई यायोक्खाले १ नम्बर प्रदेशको नाम किरात राख्नुपर्ने माग राख्दै प्रतिनिधिसभा एवम् प्रदेशसभाका मोरङका उम्मेदवारलाई ज्ञापनपत्र बुझाएको छ। केन्द्रीय कार्यसमितिले शनिबार विराटनगरमा कार्यक्रम आयोजना गर्दै ज्ञापनपत्र बुझाएको हो। ज्ञापनपत्र बुझ्दैं मोरङ क्षेत्र नम्बर ४ का उम्मेदवार अमनलाल मोदीले माओवादी शुरुवातदेखि नै पहिचानको आधारमा प्रदेश १ को नामकरण हुनुपर्नेमा जोड दिँदै आएको बताए।



उनले पहिचानको पक्षमा आफू सधैँ लागिपर्नेमा जोड दिए। यस्तै क्षेत्र नम्बर ६ का उम्मेदवार लालबाबु पण्डितले प्रदेश १ को नाम छलफलको अन्तिम चरणमा पुग्दा पनि नामकरण टुंगो लाग्न नसकेको स्वीकार गरे।

उनले विगतको प्रदेशसभाले राख्न नसकेको प्रदेशको नाम अबको प्रदेशसभाका उम्मेदवारले निर्वाचित भएपछि निर्णायक छलफल गर्नुपर्नेमा जोड दिए। उनले आफू संघको प्रतिनिधित्व भएको बताउँदै भने, 'नामकरणका लागि सुझाव माग्न आए, जनताको भावना अनुसारको सल्लाह र सुझाव दिन म तयार छु।'

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर-शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५६५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** प्राविधिक कार्य सफल हुनेछ । वित्तीय संस्थाबाट सहयोग पाइनेछ ।

**वृष** इष्टमित्रसँग भेटघाट गर्ने अवसर जुट्नेछ । कुनै कुराले मनमा उत्साह छाउनेछ ।

**मिथुन** आज नयाँ योजना, अवसर र नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।

**कर्कट** सामाजिक र राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ । व्यापार व्यवसायमा सफलता

**सिंह** कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । आर्थिक क्षेत्र सामान्य नै रहनेछ ।

**कन्या** सरकारी निकायबाट सहयोग मिल्नेछ । राजनैतिक कार्यमा बाधा पनि आउनेछ ।

**तुला** आफन्तको प्रगतिले मन रमाउनेछ । सबै काम यथावत् रूपमा सम्पन्न हुँदै जानेछन्

**वृश्चिक** आज कुनै समाचारले मनमा शान्ति छाउनेछ । पुनर्मिलनको योग पनि रहेको छ

**धनु** आज नयाँ कार्यको योजना बन्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाइएला ।

**मकर** आज सानातिना समस्यामा अल्झनुपर्नेछ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।

**कुम्भ** दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । आँटेको र ताकेको कार्य पुरा होला ।

**मिन** वैदेशिक कार्य सम्पादनमा सहजता मिल्नेछ । शुभकार्यको चर्चा पनि चल्नेछ ।